# गोरक्षपात्रदेवता सिद्धरत्ननाथ देवीपाटन महायात्रा परिचय

२०८०



प्रकाशक

**गोरक्षपात्रदेवता सिद्धरत्ननाथ देवीपाटन महायात्रा व्यवस्था तथा सञ्चालन समिति**

चौघेरा, दाङ

# गोरक्षपात्रदेवता सिद्धरत्ननाथ देवीपाटन महायात्रा परिचय


**संरक्षक**

योगी ब्रह्मनाथ (पीर मठाधीश)

**सल्लाहकार**

योगी सुरतनाथ (महानुभाव)

**अध्येता/लेखक**

डा. गोविन्द आचार्य

**सम्पादक**

प्रा.डा. शिव कुमार सुवेदी

**मुख्य स्रोत व्यक्ति**

हिरानाथ योगी

**अध्ययन सहयोगी**

बलदेव योगी (प्रार्थना)

| | | |
|---|---|---|
| पुस्तकको नाम | : | गोरक्षपात्रदेवता सिद्धरत्ननाथ देवीपाटन महायात्रा परिचय |
| विधा | : | संस्कृति |
| प्रकाशन वर्ष | : | वि.सं. २०८० |
| संस्करण | : | प्रथम |
| प्रकाशक | : | गोरक्षपात्रदेवता सिद्धरत्ननाथ देवीपाटन महायात्रा व्यवस्थापन तथा सञ्चालन समिति : २०८०, दाङ |
| प्रकाशन सहयोग | : | गुरुकुल एकेडेमी, घोराही-१५, रतनपुर, दाङ |
| प्रति | : | १००१ |
| सर्वाधिकार | : | गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठ, रत्नपुर, चौघेरा, दाङ |
| तस्विर | : | कुलदीप न्यौपाने, बलदेव योगी (प्रार्थना) |
| सहयोग शुल्क | : | रु. १०५/- |
| कम्प्यूटर | : | उर्मिला वली |
| डिजाइन | : | आर.सी. क्रियशन (९८५७८३७७१३) |
| मुद्रण | : | आर.सी प्रिन्टर्स, घोराही, दाङ। ☎:०८२-५६१७७३ |

# सम्पादकीय/प्रकाशकीय

गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठ यस क्षेत्रको प्राचीन सांस्कृतिक धरोहर हो । पूर्वमध्यकालभन्दा पनि अघिदेखि धर्म, संस्कृति र प्रशासनिक केन्द्रका रूपमा रहेको सूचना पाइनुले यस स्थलको महत्व बुझ्न सकिन्छ । वि.सं. ८०९ मा राजा रत्नपरीक्षकले सिद्धि प्राप्त गरे पश्चात् यो स्थल नाथ सम्प्रदायको केन्द्रको रूपमा चिनिन गयो । यो परम्परा सिद्ध योगीहरूको साधना केन्द्रको रूपमा विकास र प्रचारित हुँदै गयो । यस स्थलमा सात्विक तान्त्रिक पद्धतिबाट पूजा हुन्छ । पूजा पद्धति र यहाँ आयोजन गरिने धार्मिक तथा सांस्कृतिक अनुष्ठानहरूको दृष्टिले यो मठ अन्य हिन्दू मठ-मन्दिरहरू भन्दा नितान्त भिन्न छ । यस स्थलमा सम्पादन गरिने प्रायः संस्कारहरू नाथ सम्प्रदायका सिद्ध योगीहरुसँग सम्बन्धित छन् । यसले यस मठलाई लौकिक जीवनमा अन्य समुदायहरूसँग पनि कयौं सन्दर्भमा भिन्न तुल्याएको प्रतीत हुन्छ ।

यस मठमा परम्परागत रूपमा केही यात्राहरूको प्रचलन रहेको पाइन्छ । तीमध्ये **देवीपाटन यात्रा** महत्वपूर्ण छ । यो प्रत्येक वर्ष पात्रदेवता लिएर एकमाससम्म गरिने यात्रा हो । नेपालको राप्ती क्षेत्र र भारतको विशेष गरी उत्तर प्रदेशमा यसको ज्यादै ठूलो महत्व र प्रभाव छ । चैत्र कृष्ण प्रतिपदामा यात्रा आरम्भ गरी पञ्चमीको दिन देवीपाटन पुगेर दशमीका दिन स्वधाम चौघेरा फिर्ता हुने यस यात्राको दुई देशबिच सांस्कृतिक र धार्मिक महत्व छ । गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठबाट हुँदै आएको **देवीपाटन महायात्रा** महत्वपूर्ण अनुष्ठान भए पनि पछिल्ला दिनमा यात्रु सहभागिताका दृष्टिले केही शिथिलता देखिएको हुँदा यस वर्ष लुम्बिनी प्रदेश सरकारको विशेष पहल र सहयोगमा महायात्रालाई पुनः व्यवस्थित रूपमा जनस्तरसम्म पुग्ने गरी भव्य आयोजना गरिएको छ । **गोरक्षपात्रदेवाता सिद्धरत्ननाथ देवीपाटन यात्रा** र गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठको विषयमा समेत धेरैलाई स्पष्ट जानकारी गराउनुपर्ने अवस्था रहेकोले प्रस्तुत **गोरक्षपात्रदेवता सिद्धरत्ननाथ देवीपाटन महायात्रा परिचय** पुस्तिका प्रकाशन गरिएको छ । यसबाट गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठ र यहाँबाट वर्षेनी सञ्चालन गरिने देवीपाटन यात्राको विषयमा सङ्क्षिप्त रूपमा भए पनि जानकारी लिन सहयोग मिल्ने छ भन्ने आशा गरिएको छ ।

अन्त्यमा, यसको अध्ययन, लेखन, सम्पादन, अनुवाद र प्रकाशनसम्मका कार्यहरूमा सहयोग पुऱ्याउने सबैप्रति कृतज्ञता टक्र्याउँदै विषय, भाषा एवं प्रविधिगत त्रुटिहरू रहेका भए क्षमा याचना गर्दै आगामी दिनमा त्यस्ता कमजोरी सच्याइने तर्फ प्रतिवद्ध छौं ।

# विषय सूची


| शीर्षक | | पेज नं. |
|---|---|---|
| १. | सिद्धरत्ननाथ मठको परिचय | १ |
| १.१ | अवस्थिति | १ |
| १.२ | ऐतिहासिक पृष्ठभूमि | १ |
| १.३ | भौतिक संरचना | ४ |
| १.३.१ | घोराही उपमहानगरपालिका वडा नं.-१७ रत्नपुर, चौघेरा | ४ |
| १.३.२ | सवारीकोट | ६ |
| १.३.३ | देउपुर | ६ |
| १.३.४ | अमराई | ६ |
| १.३.५ | महामृत्युञ्जय गोरखनाथ मन्दिर, चौपट्टा | ७ |
| १.४ | दैनिक पूजा पद्धति | ७ |
| १.५ | वार्षिक पर्व तथा संस्कार | ९ |
| १.५.१ | पर्व | १० |
| १.५.२ | संस्कार | १२ |
| २. | विशेष यात्रा अनुष्ठान | १३ |
| २.१ | शिखर सवारीकोट यात्रा | १३ |
| २.२ | देवीपाटन यात्रा | १४ |
| २.२.१ | देवीपाटन यात्राको ऐतिहासिक पृष्ठभूमि | १५ |
| २.२.२ | देवीपाटन यात्रा विवरण | १६ |
| २.२.३ | गोरक्षपात्रदेवता स्वधाम चौघेरा पिर्ता सवारी | २० |

# १. सिद्धरत्ननाथ मठको परिचय

सिद्धरत्ननाथ मठ नाथ सम्प्रदायको प्राचीन र महत्त्वपूर्ण केन्द्र हो । महायोगी शिवस्वरूप गोरखनाथका प्रमुख शिष्यका रूपमा प्रख्यात सिद्धरत्ननाथको पुण्यकर्मको साधनाबाट प्रज्ज्वलित यस स्थलमा प्राचीन कालदेखि नै गोरक्षपात्रदेवताको अविच्छिन्न पूजा भइरहेको छ । यो स्थल नेपाल, भारत तथा काबुल-कन्धहारसम्म प्रसिद्ध सिद्धरत्ननाथ र सिद्धरत्ननाथका शिष्य-परशिष्यद्वारा संरक्षण-सम्वर्द्धन गरिँदै आएको भेष बाह्रपन्थी नाथ संस्कृतिको उत्थान र उन्नयनको उत्कर्षमा पुगेको देखिन्छ । यहाँ **'गोरक्षपात्रदेवता सिद्धरत्ननाथ देवीपाटन महायात्रा'** को परिचय दिने मुख्य उद्देश्य रहेको छ तापनि पृष्ठभूमिमा गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठको परिचय दिने सन्दर्भमा अवस्थिति, ऐतिहासिक पृष्ठभूमि, यस स्थलको भौतिक वस्तुस्थिति, पूजा पद्धति, पर्वहरू र यात्रा अनुष्ठानका विषयमा जानकारी दिइएको छ ।

## १.१. अवस्थिति

गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठ घोराही उपमहानगरपालिका वडा नं. १७ रत्नपुर चौघेरा दाङमा अवस्थित छ । यो दाङ जिल्लाको सदरमुकाम घोराही बजारदेखि करीब १.२ किलोमिटर पूर्व, घोराही-लमही सडक खण्डको उत्तरमा रहेको छ । यस स्थलमा पुग्न कोइलाबासदेखि ५३ किलोमिटर उत्तर पक्की सडकको यात्रा गर्नु पर्दछ भने लमही बजारदेखि करीब २० किलोमिटरको दूरीमा रहेको छ । पाटेश्वरी (देवीपाटन) मठदेखि सिद्धरत्ननाथ मठ पच्चीस कोसको दूरीमा रहेको उल्लेख पाइन्छ (कपूर, १९९३ इ.:५) ।

यस स्थलको पूर्वमा सिस्ने खोला (प्राचीन नाम शिव नदी), पश्चिममा कटुवा खोला (प्राचीन नाम कौमुदी नदी), उत्तरमा डबरी ग्राम तथा महाभारत पर्वत शृङ्खला र दक्षिणमा हरिद्वार ग्राम रहेको छन् । 'दाङ' विशाल उपत्यका हो । यसलाई वरिपरिबाट पहाडले घेरेको छ । उपत्यकाको दक्षिणी भाग भएर पवित्र बबई नदी (सरयू नदी) बगेको छ । खेतीपाती फलफूल र वनजङ्गलको हरियालीले भरिएको दाङ उपत्यकाको पूर्व-उत्तरमा गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठ विराजमान छ ।

## १.२ ऐतिहासिक पृष्ठभूमि

सिद्धरत्ननाथ मठ चौघेराको इतिहास सर्वप्रथम शब्दार्थबाटै खोज्नु आवश्यक देखिन्छ । नेपाली संक्षिप्त कोशमा सिद्धको अर्थ योगी विशेष, सफल र परिपूर्ण भनिएको

छ भने 'रत्ननाथ' व्यक्ति वाचक नाम हो । मठको अर्थ जोगी, सन्यासीहरूको अखाडा भनिएको छ । शब्दार्थको आधारमा यो मठ रत्ननाथका अनुयायीहरूको अखाडा वा धार्मिक आस्थाको केन्द्र भन्ने बुझिन्छ ।

तान्त्रिक विधिबाट पूजा गरिने भएकाले यसलाई बौद्ध धर्मको बज्रयान सम्प्रदायको विकसित रूप हो भन्नेहरूको सङ्ख्या पनि कम छैन । तर, यसमा गरिने धार्मिक पद्धतिको आधारमा उक्त भनाइसँग सहमत हुन सकिने स्थिति छैन । वैदिक साहित्यमा 'नाथ' शब्द शरणदाताको रूपमा प्रयोग भएको पाइन्छ भने महाभारत कालमा स्वामी वा पतिको रूपमा प्रयोग भएको छ । परिवर्तित कालमा भने योगाभ्यासी शैव सम्प्रदायको रूपमा रही 'नाथ' शब्दले शिवलाई बुझाउने व्यवहारमा हठयोगी कनफट्टा (दर्शनधारी) योगीहरूको समूहलाई बुझाउँछ । यिनीहरू योगाभ्यासी शिवको रूप मानिएका गोरखनाथका अनुयायीहरू हुन् । हठयोगमा विश्वास गर्ने, सात्विक तान्त्रिक विधिबाट पात्रदेवताको पूजा गर्ने र गेरु रङ्गको वस्त्र तथा कानको मध्यभागमा प्वाल पारी दर्शनयुक्त कुण्डल धारण गर्नु यो समूहको प्रमुख परिचय हो ।

सिद्धरत्ननाथ को उद्‌गम स्थान दाङ मानिएको छ । दाङको ऐतिहासिक पृष्ठभूमिमा यो क्षेत्र लामो समयसम्म विशाल जलाशयको रूपमा रहेको तथ्य यहाँ पाइएका जिवास्म समेतले प्रमाणित गर्दछन् । जङ्गली शिकारी युगदेखि नै मानव संस्कृति प्रारम्भ भएको प्रमाण यहाँका विभिन्न स्थानबाट सङ्कलित ढुङ्गे औजारहरूले प्रमाणित गरेका छन् । यस क्षेत्रमा विश्वले स्वीकारेका तथ्यलाई पुष्टि गर्दै कृषि कर्मको थालनीसँगै विभिन्न स्थानबाट स-साना राज्यको रूपमा राजनैतिक क्रियाकलापको प्रारम्भ र विकास भएका सर्वस्वीकार्य मिथक र ऐतिहासिक सामग्रीहरू प्राप्त भएका छन् । यसरी उदय भएका ससाना राज्यहरूमध्ये घोराही उपमहानगरपालिका वडा नं. ४ मा पर्ने सवारीकोट राजधानी बनाई पूर्वमध्यकालमा एउटा राज्य स्थापना भएको थियो र रत्ननाथ उक्त राज्यका राजा थिए जसको नाम रत्नपरीक्षक थियो । यिनै राजा रत्नपरीक्षक योगसाधनामा रहेका गोरखनाथको शिक्षाबाट प्रभावित भई सन्यास ग्रहण गरेर सिद्धरत्ननाथको नामले प्रसिद्ध भएका थिए ।

प्रचलित किम्बदन्ती अनुसार राजा रत्नपरीक्षक शिकारका सौखिन थिए । यो विशेषता तत्कालीन सबै राजाहरूमा पाइन्छ । आफ्नो सौख पुरा गर्ने सबैभन्दा सुगम स्थान दाङको समतल फाँट थियो । नियमित प्रक्रिया अनुसार शिकारको खोजीमा जङ्गल चहार्दै एक दिन उनले वर्तमान घोराही उपमहानगरपालिका वडा नं. ३ बर्गदुवामा पुग्दा जङ्गली जनावर देखेर वाण प्रहार गरे । उक्त घाइते जनावर ज्यान जोगाउन भाग्दै

उत्तरतिर लाग्दा वर्तमान सिद्धरत्ननाथ मठ रहेको घोराही-१७ चौघेरा सम्म आइपुग्यो । राजा पनि पछि पछि उक्त स्थानसम्म पुग्दा त्यहाँ ध्यानमग्न योगीको काखमा घाइते मृगले ज्यान जोगाउने प्रयास गरिरहेको पाए । राजाले ध्यानमग्न योगीसँग आफ्नो शिकार फिर्ता मागे । योगीले जीव हिंसा गर्न नहुने तर्क दिए भने राजाले जीव नै हरेक प्राणी बाँच्ने आधार हो भन्ने तर्क दिँदै आफ्नो मेहनतको कमाइ फिर्ता गर्न माग गरे । अन्त्यमा, योगीको हिंसा गर्ने भए नङ्ग्रा, चुच्चो, रगत केही नभएको जीवको हिंसा गर अर्थात् चन्चल मनमा उत्पन्न हुने तृष्णाको अन्त्य गर भन्ने तर्कबाट प्रभावित भई सन्यास ग्रहण गर्ने निश्चय गरे । योगीले राजालाई योगाभ्यासको ज्ञान दिए । उक्त योगसाधनामा रहेका साधु अरु कोही नभई स्वयं गोरखनाथ थिए । गोरखनाथ भगवान् शिवको योगाभ्यासी रूप मानिन्छ र सिद्धरत्ननाथका अनुयायी भगवान् शिवलाई आदिनाथ भनी संबोधन गर्दछन् । आफ्ना गुरुले दिएको पात्र (भाँडो) लाई गोरखनाथको प्रतीक मानी त्यसको श्रद्धापूर्वक पूजा गर्ने गरिन्छ ।

केही पश्चिमा र भारतीय विद्वान्हरूले हठयोगको सिद्धान्त बंगालतिर प्रादुर्भाव भई नेपालमा पछि प्रवेश गरेको उल्लेख गरेतापनि सनातन परम्परामा शिवको निवास कैलाश पर्वत नेपालमै पर्ने भएको र आदिनाथको रूपमा स्वीकार गरेको अवस्थामा गोरखनाथ र नाथ सम्प्रदायलाई बंगालको उत्पत्ति भन्नु सत्यभन्दा टाढा रहेको पुष्टि हुन्छ । धार्मिक सहिष्णुता नेपाली संस्कृतिको मूल आधार हो । मुक्तिनाथ र पशुपतिनाथलाई हिन्दू तथा बुद्ध मार्गी दुवैले समान दृष्टिले हेर्दछन् । दुवैको समान आस्था रहेको पाइन्छ ।


गुरु गोरखनाथबाट दीक्षा पाई रत्ननाथ कठोर साधनामा लागे । परिणाम स्वरुप सिद्धि प्राप्त गर्न सफल भए । यसरी प्राप्त ज्ञानलाई नेपाल बाहिर भारतमा मात्र होइन वर्तमान पाकिस्तान र अफगानिस्तानसम्म पनि आफ्नो ज्ञानको उज्यालो छर्दै हिंडे । मुस्लिम शासकहरू समेत सिद्धरत्ननाथको सिद्धिबाट प्रभावित भई उनीप्रति नतमस्तक थिए । त्यसैको परिणाम स्वरूप सिद्धरत्ननाथ मठमा गोरखनाथको प्रतीक मानिएको उनले दिएको पात्रको पूजा हुने र उनका शिष्यलाई रत्ननाथलाई 'पीर' शब्दले संबोधन गर्ने परम्परा छ । सिद्धरत्ननाथले भ्रमण गरेका कतिपय स्लामिक राज्यहरूमा समेत गोरखनाथका मठहरू अद्यापि देख्न सकिन्छ । योगको माध्यमबाट मुक्ति सम्भव देख्ने यो धार्मिक मत वर्तमान समयमा महत्वपूर्ण देखिन्छ । भारतको बलरामपुर जिल्लाको तुलसीपुर स्थित पाटेश्वरी भगवती र गोरखपुरको गोरखनाथ मन्दिरसँग यस मठको निकट सम्बन्ध रहेको छ ।

## १.३ भौतिक संरचना

गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठमा धेरै प्रकारका भौतिक संरचनाहरू उपलब्ध हुन्छन् । सिद्धरत्ननाथको मुख्य मठ रहेको चौघेरामा तुलनात्मक रूपमा यस स्थलसँग सम्बन्धित अन्य स्थलहरूमा भन्दा धेरै भौतिक संरचनाहरू रहेका छन् । स्थल र त्यहाँ रहेका भौतिक संरचनाहरू निम्नानुसार छन् ।

### १.३.१ घोराही उपमहानगरपालिका वडा नं. १७ रत्नपुर चौघेरा

#### (क) श्रीसिद्धरत्ननाथ मठ



यो यहाँको मुख्य मन्दिर हो । यो मन्दिर शिखर शैलीमा निर्मित छ । यस मन्दिरका मुख्य दुई खण्ड छन् । पश्चिमाभिमुख ती दुई खण्डमध्ये दक्षिण कोठालाई गादी कोठा भनिन्छ र यसमा गोरक्षपात्रदेवता, श्रीसिद्धरत्ननाथ, चरण पादुका, धुना नवनाथ, आदिनाथ, मत्स्येन्द्रनाथ र गोरखनाथको पूजा हुन्छ। त्यसैगरी अर्को खण्डमा भैरवको पूजा हुन्छ ।


#### (ख) पाटेश्वरी मन्दिर

यस स्थलमा नित्य पूजाका लागि पाटेश्वरी मन्दिर स्थापित छ । यो मन्दिर मुख्य मन्दिरको दक्षिणमा रहेको छ । यो मन्दिर प्यागोडा शैलीमा निर्माण गरिएको छ । यो मन्दिर देवीपाटन स्थित पाटेश्वरी मन्दिरकै प्रतीकका रूपमा स्थापना गरिएको हो ।

#### (ग) बालासुन्दरी मन्दिर

यो एउटा बेग्लै कोठामा स्थापना गरिएको छ । यस मन्दिर कक्षमा शंखढाल, उपदेशी (गुरु स्थापना मन्त्र दिक्षा) कर्म चलाउने र धर्म जागरण जस्ता संस्कार गरिन्छ ।

## (घ) गोरखनाथ मन्दिर



यो मन्दिर मुख्य मन्दिरको उत्तर- पूर्व भागमा स्थापना गरिएको छ । शिखर शैलीमा निर्मित गोरखनाथ मन्दिरको मध्य भागमा गोरखनाथको प्रतिमा स्थापना गरिएको छ भने मन्दिरको बाहिरी भागमा नवनाथहरूको प्रतिमा स्थापना गरिएको छ ।


## (ङ) शिवालय (रत्नेश्वर महादेव)

यो मन्दिर मुख्य मन्दिरको पश्चिम-उत्तरमा गोलो आकारमा निर्माण गरिएको छ । यसको मध्य भागमा शिवलिङ्ग स्थापना गरिएको छ ।

## (च) काल भैरव मन्दिर

यो मन्दिर वटवृक्षमुनि निर्माण गरिएको छ । यसलाई कालसेनी भैरव मन्दिर पनि भन्दछन् ।


## (छ) दलिचा



यो नवपीर स्थापना अनुष्ठान तथा अन्य अवसरमा योगी भेष बाह्रपन्थको बैठक बस्ने प्रयोजनका लागि निर्माण गरिएको हो । प्यागोडा शैलीमा निर्मित दलिचा ज्यादै कलात्मक र अनेक ऐतिहासिक विषय सम्बन्धी चित्रहरूबाट सज्जित छ ।

यिनका अतिरिक्त यस स्थलमा सन्तनिवास, शनि देवको थान, अखण्ड धुनी, गोरक्षरत्ननाथ पुस्तकालय, प्रभात चित्रकला सङ्ग्रालय, पुजारी आवास, ऐतिहासिक कुवा, धर्मशाला र गौशाला आदि रहेका छन् ।

### १.३.२ सवारीकोट




सवारीकोट घोराही उपमहानगरपालिका वडा नं. ४ दाङको उच्च पहाडी क्षेत्रमा पर्दछ। यो स्थल राजा रत्नपरीक्षकको बर्खे राजधानीको रूपमा चिनिन्छ। पहिले यस सथलमा धेरै संरचनाहरू रहेको भएपनि हाल यहाँ शिखर शैलीको मनकामना गोरखनाथ मन्दिर, पाटेश्वरी मन्दिर र सानो सभाहल भवन छन्। सवारीकोटको नजिकमा रहेको जसपुरकोटमा ऐतिहासिक दरबारका जगका अवशेष र जसपुरा देवी मन्दिर रहेका छन्। परापूर्व समयमा श्रीसिद्धरत्ननाथपात्रदेवताको सवारी हुने चलन थियो।

### १.३.३ देउपुर

यो लमही नगरपालिका वडा नं. ५ र ६ को क्षेत्रमा पर्दछ। यस स्थलमा रतननाथ मन्दिर, दुर्गा मन्दिर, शिवालय, दलिचा र सन्त निवास रहेका छन्। यस मौजामा गोरक्षपात्रदेवता मठको प्रशस्त जमीन रहेको छ।

### १.३.४ अमराई



यो घोराही उपमहानगरपालिका वडा नं. १० मा पर्दछ। यस स्थलमा गुम्वज शैलीको मन्ठोऱ्या भवानीको मन्दिर छ। यसमा मुगल शैलीको प्रभाव देख्न सकिन्छ। मन्दिरको मध्यभागमा शिवलिङ्ग स्थापना गरिएको छ। प्राचीन कालमा निर्मित यस मन्दिरको निर्माणको विषयलाई देवीपाटन स्थित पाटेश्वरी देवीसँग जोडेर हेरिन्छ। जनश्रुति अनुसार पाटेश्वरी देवीले आफ्ना अनुचररूलाई यस स्थानमा एकै रातमा यो मन्दिर निर्माण गर्न पठाएको तर, मन्दिर निर्माण कार्य सम्पन्न हुनुअघि नै उज्यालो भएको हुँदा उज्यालो भएपछि देवीको

आदेश अनुसार अनुचरहरू स्वधाम देवीपाटन फिर्ता भए । त्यसैले मन्दिर निर्माण कार्य पूर्ण हुन सकेन । हाल यस स्थानमा मठको तर्फबाट हरेक वर्ष स्वस्थानी पूर्णिमा दिन रोट प्रसाद चढाई पूजा गर्ने चलन छ र अन्य पर्वमा स्थानीय थारुहरूले पटनेही देवीको रूपमा पूजा गर्ने गर्दछन् । उक्त अपूर्ण प्राचीन मन्दिर भत्केर पुरातत्व विभागबाट पुनः मन्दिर निर्माण गरिएको छ । यिनका अतिरिक्त ऐतिहासिक दाङ, सल्यान, गजुल राज्यका, खैराबाङ, फलाबाङ, तुलसीपुर, थानगाउँ (बिजौरी), गजुल (रोल्पा), चौपट्टा आदि स्थानहरूमा कतै सिद्धरत्ननाथका मन्दिर, कतै पाटेश्वरी मन्दिर त कतै गोरखनाथ मन्दिर स्थापना भएको पाइन्छ ।

### १.३.५ महामृत्युञ्जय गोरखनाथ मन्दिर, चौपट्टा



## १.४ दैनिक पूजा पद्धति

गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठ नित्य पूजा पद्धतिका दृष्टिले नेपाल र भारतका अन्य मठ-मन्दिरहरूभन्दा पृथक र विशेष छ । यहाँ सात्विक तान्त्रिक विधिबाट नित्य निरन्तर रात्रिभर पूजा हुन्छ ।

पूजाको आरम्भ बेलुकाको चारबजे मूल पुजारी, सिराने (भैरवको पुजारी) र धुनी जोगी, झारी (भाँडो) लिएर पूजाका लागि जल लिन जाने कर्मबाट हुन्छ । पँधेरोमा भरेका झारी उठाउने र बोक्ने पनि निश्चित विधि छ । पवित्र जल लिएर आएपछि, मूलपुजारी पात्रदेवताको कोठामा र सिराने भैरवको कोठामा पसी पूजा सामग्री तयार गर्न थाल्छन् । पीरजीले पात्रदेव स्थापित कोठाबाट नाद बजाएर ॐ ध्वनि उच्चारण गरेपछि धुनी जोगीले अगुवानी (नगारा) बजाउँछन् । यसै बेला काल

भैरवको कोठाबाट धुनी जोगीले ऊँ ध्वनि उच्चारण गरेपछि डंका लाग्छ। त्यसपछि धुनी जोगीले काल भैरव, उल्का भैरव र दलिचा स्याउलाले सफा गर्छन्।

पाँच बजेतिर मूलपुजारी र पीर पात्रदेव कोठामा तथा भण्डारी र सिराने पूजाका लागि भैरवको कोठामा जान्छन्। यसपछि ती दुवै कोठाका ढोका बन्द गरिन्छन्। यता डंका लागिरहेको हुन्छ। पीर विशेष पहिरन र आसनमा गादीमा बस्छन्। पुजारीले बाहिरको कालसेन भैरव मन्दिरमा तीनपटक घन्टी बजाउँदा धुनी जोगीले एकपटक अगुवानी बजाउँछन्। यो पूजा बीस-पच्चीस मिनेट जति हुन्छ। यसपछि पुजारीले उल्का भैरवमा धूपदीप गर्छन्। पहिले चौमासा भरि (असार, साउन, भदौ, असोज) सवारीकोटमा रहने परम्परा भएको हुँदा त्यो परम्परा टुटेपछि चौमासाभरि सवारीकोट संझेर त्यतै दिशा पारेर थापनामा पूजा हुन्छ। यसपछि पुजारी पात्रदेवको कोठामा आउँछन्। यति बेला अगुवानी (नगारा) 'जय पत देउता-जय पत देउता' को छिटो तालमा बजाइन्छ। यति बेला पीरले हातमा चमर र पुजारीले हातमा घण्टी लिएर पूजा गर्छन्। यो क्रम सकिएपछि पीरले पात्रदेवलाई भिन्नभिन्न प्रकारले सलामी दिन्छन्। यसपछि पाात्रदेवका पुजारीले भैरव कोठा खोल्छन्। भैरवको पुजारीले पात्रदेवको कोठा खोल्छन्। कोठा खोल्नुलाई 'बन्धन खोल्नु' भनिन्छ। यसपछि प्रार्थना आरती हुन्छ। यसपछि बेलुकाको भण्डारा हुन्छ। पात्रदेवताको मूल पुजारी र भैरवको पुजारी पूजा कोठाभित्र प्रवेश गरी चद्दर ओढेर पात्रदेवताको र धुनाको सात सात पटक परिक्रमा गर्छन्। यसलाई 'शिवपुरी गर्ने' भनिन्छ।

रात्रिको नौ बजेतिर पीर, भैरव मन्दिरका भण्डारी र धुनी जोगी रात्रि पूजाका लागि पूजा कोठामा आउँछन्। धुनी जोगीले जलयुक्त कलश लिएर घुम्छन् र नाद बजाउँछन्। पीर र भण्डारीले आ-आफ्ना पूजा कोठामा ऊँ ध्वनि उच्चारण गरेपछि बाहिर अगुवानी बजाइन्छ। यसलाई पनि 'शिवपुरी' भनिन्छ। यसपछि पीर र भण्डारीहरूले विश्राम लिन्छन्। यति बेलासम्म पुजारीहरू स्नान गरेर तयार भइसकेका हुन्छन्। उनीहरू पूजा कोठाहरूमा प्रवेश गरी सरसफाइ गरी पूजाका लागि बेलको चन्दन घोट्छन्। यसपछि नवनाथको पूजा हुन्छ। यो पूजा करीब रात्रिको एघार बजेसम्म हुन्छ। यसपछि पात्रदेवताका पुजारी र भैरवका पुजारी, सिराने पूजा कोठाबाट बाहिर निस्कन्छन्।

यति बेला मध्यरात्रि भइसकेको हुन्छ। पुजारीले स्नान डंका बजाएर पीर र भण्डारीलाई पूजाका लागि तयार हुन सङ्केत गर्छन्। यसपछि पीर र पुजारी पात्रदेवता

कोठामा र भण्डारी भैरवको कोठामा जान्छन् । ढोका बन्द गरी पूजाको तयारी गरिन्छ । पुजारीले वट वृक्षनेर रहेको कालसेन भैरव मन्दिरमा पूजा गर्छन् । त्यसपछि पात्रदेवता र भैरव स्थापना गरिएका कोठामा पूजा शुरु हुन्छ । रात्रिको पूजाको बेला डंकाको तालले विलम्बितबाट द्रुत लय लिंदै जान्छ । रात्रिको तीनबजेतिर पूजा सकिन्छ । यसपछि पीर र पुजारीले पात्रदेवलाई भिन्नभिन्न प्रकारका सलामी अर्पण गर्छन् ।

यसपछि पूजा गर्दा बचेका चन्दन, पुष्प, जल, पाती आदि बैजनाथको समाधिमा चढाई तीन घण्टीको पूजा गरिन्छ । श्रृङ्गार पूजाका बासी बेलपत्र, पुष्प, जल सेलाइन्छ । यसलाई 'निर्मल सेलाउने' भन्छन् । यसपछि तीनपटक घन्टी बजाएर धुपिया घुमाउँछन् र पूजा कोठाको ढोका खोलिन्छ ।

यसपछि सबैले पात्रदेव र भैरवको दर्शन गर्नुका साथै बालष्टक गाउने प्रचलन छ । यससँगै रात्रिको पूजा समापन हुन्छ अनि पीर, पुजारी, भण्डारी विश्राम गर्छन् । बिहान पाँच बजेतिर सिरानेले एकमाना चामलमा नुन, बेसार, घिउ हालेको भात पकाएर काल भैरवलाई भोग लगाउँछन् । भोग लगाएर बजेको भात बाहिर निश्चित स्थानमा चराचुङ्गीहरूका लागि हालिदिन्छन् । बिहानपख मठका सम्पूर्ण साधु सन्तहरूले बालासुन्दरी, शिवालय आदि मन्दिरहरूमा पूजा गर्छन् । हरेक सोमबार रात्रिमा बाह्र माना पिठोमध्ये आठ मानाको एउटा ठूलो रोट र बाँकी चार माना पिठोबाट टिकडी (साना डल्ले रोटी) तथा टिक्कड (सामान्य रोटी) पकाइन्छ र मङ्गलबारको दिन साँझ चढाउने चलन छ ।

## १.५ वार्षिक पर्व तथा संस्कार

नाथ सम्प्रदाय आर्य संस्कृतिको अभिन्न अङ्ग हो । त्यसैले गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठमा पनि हिन्दू धर्मसँग सम्बन्धित सबै पर्वहरू विशेष पूजा अर्चनाका साथ मनाउने प्रचलन छ । यिनका अतिरिक्त यस स्थलमा विशिष्ट प्रकारका मौलिक पर्व तथा संस्कारहरू सम्पन्न गर्ने परम्परा छ ।

यस सन्दर्भमा पीर स्थापना, गोरख जयन्ती, पात्रदेवता महास्नान, रक्षाबन्धन, महाभण्डारा, नागा पीर स्थापना मौलिक परम्पराका रूपमा रहेका छन् । त्यसैगरी धर्मजागरण, शंखढाल र त्याग चुकाउने संस्कारहरू पनि मौलिक परम्पराका रूपमा रहेका छन् ।

### १.५.१ पर्व

### (क) पीर स्थापना



गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठका मठाधिश 'पीर' भनिन्छन् । यस स्थलमा प्रत्येक वर्ष फाल्गुण कृष्ण विजया एकादशीका दिन एक वर्षका लागि नाथ योगीमध्येबाट एक जना 'पीर' छनोट गरिन्छ । यस दिन पात्रदेवता कोठाबाट सेली सहितको औपचारिक पोशाकमा पीरले पात्रदेवतालाई सर्वसाधारणको दर्शनका लागि दलिचामा ल्याउने चलन छ । यसै दिन विशिष्ट विधान सम्पन्न गरी पुराना पीरले आफु बसेको आसन छोडी नयाँ पीरलाई सो आसनमा बसालेर आफु बाहिरिने परम्परा छ । पीरलाई सिद्धरत्ननाथका प्रतिनिधिका रूपमा लिइन्छ । सिद्धरत्ननाथले सिद्धि प्राप्त गरेपछि राज्य तथा गृहस्थ त्याग गरी देशदेशावर विचरण गर्ने क्रममा योगीको सिद्धिबाट प्रभावित भई त्यहाँका बादशाहले आफुले धारण गर्ने पदवी 'पीर' सिद्धरत्ननाथलाई प्रदान गरेको मानिन्छ । यस दिन ठूलो मेला लाग्छ ।

### (ख) गोरख जयन्ती

गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठमा वैशाख पूर्णिमाको दिनलाई गोरख जयन्तीको रूपमा मनाउने प्रचलन छ । सिद्धरत्ननाथ सिद्ध गोरखनाथका शिष्य भएको कारण यस मठको गोरक्षरत्ननाथ नामकरण गरियो र गोरख जयन्तीलाई महत्वका साथ मनाउने गरिएको छ ।

## (ग) रक्षा बन्धन (महाभण्डारा)



जैन पूर्णिमा वा रक्षा बन्धन यस मठमा मनाइने अर्को महत्वपूर्ण पर्व हो । यस पर्वलाई यहाँ महाभण्डारका रूपमा मनाइन्छ । यस दिन सम्पूर्ण साधुसन्त र सर्वसाधारणहरूका लागि कालिरोटी प्रसादको भण्डारा दिने परम्परा छ । यसका लागि जनै पूर्णिमाभन्दा पाँच दिन अघिदेखि रातदिन अविच्छिन्न नाथ योगीहरूले कालिरोटी पकाउने चलन छ । कालिरोटी भनेको गहुँको पिठोमा मरिच, सौँफ, काजु, किसमिस, मह, घिउ आदिको मिश्रणलाई भेलीको चास्नीमा मुछी घिउमा पकाइएको रोटी हो । यस दिन बिहानैदेखि कन्याहरूलाई टीका दक्षिणा गरी कालिरोटी प्रसाद दिइन्छ ।

## (घ) पात्रदेवता महास्नान

यो पर्व कार्तिक महिनामा पर्ने हरिबोधिनी एकादशीको पावन सन्दर्भमा मनाइन्छ । हरिबोधिनी एकादशीको अघिल्लो रात्रिमा सुपोमा (नाङ्लो) मा राखेको धानलाई शंख, वेल वा लोहोराले घोटी चौध माना सग्ला चामल बनाइन्छ । यसलाई अक्षताका रूपमा प्रयोग गरिन्छ । दशमीको रात्रिमा पात्रदेवतालाई महास्नान गराई पूजा गरिन्छ । यस अवसरमा मन्दिरमा प्रयोग गरिएका सम्पूर्ण वस्त्रहरू परिवर्तन गरी नयाँ वस्त्र प्रयोग गर्न थालिन्छ । एकादशीको दिन बिहान हवन सम्पन्न गरिन्छ ।

## (ङ) नागा पीर स्थापना

यो पर्व माघ शुक्ल पूर्णिमाको दिन आयोजना गरिन्थ्यो । पहिले गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठमा नागा साधुहरूको सङ्ख्या उल्लेख्य भएकोले उनीहरूलाई लक्ष्य गरी यो पर्व मनाइन्थ्यो । उक्त अवसरमा पकाइएको रोट प्रसाद अमराई

स्थित मन्ठोऱ्या मन्दिरमा समेत पुऱ्याउने परम्परा थियो । हाल मठमा नागा पीर नरहेका कारण नागा पीर स्थापना पर्व पनि टुटेको छ ।

यिनका अतिरिक्त यस मठमा महाशिवरात्रि, श्रीकृष्ण जन्माष्टमी, बडा दशैं र तिहार आदि पर्वहरू पनि मनाउने परम्परा छ ।

## १.५.२ संस्कार

गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठमा नाथ सम्प्रदाय योगी सम्वन्धी केही संस्कारहरू सम्पन्न गरिन्छन् । त्यस्ता संस्कारहरू मध्ये धर्म जागरण, शंखढाल, त्याग चुकाउने र दर्शन दिने संस्कार मौलिक र महत्वपूर्ण छन् ।

### (क) धर्म जागरण संस्कार

'धर्म जागर' अनुष्ठान उपदेशी बनाउने संस्कार हो । यो अनुष्ठान प्रायः जन्माष्टमी, घटस्थापना वा हरिबोधिनी एकादशीका दिन बालासुन्दरी मन्दिरमा गर्ने प्रचलन छ । धर्म जागरणमा देवीको उपासना हुन्छ । यस अनुष्ठानमा उपदेशी भएका योगीहरू मात्रै उपस्थित हुन पाउँछन् । यस अनुष्ठानको लागि पूजा गर्न भूमिमा विशेष प्रकारको रेखी हालिन्छ । यसमा सूर्य, चन्द्र, त्रिशूल, तारागण तथा नाग, नवग्रह र गंगा-यमुना नदीको आकृति बनाइन्छ । यस अवसरमा गुरुले दीक्षा दिई शिष्य बनाउने कार्य हुन्छ । यसपछि उपदेशी योगीले निर्धारित अनुशासनमा रहनु पर्दछ ।

### (ख) त्याग चुकाउने संस्कार

त्याग चुकाउने अनुष्ठान पनि शिष्य बनाउने संस्कार हो । यो नाथ योगी बन्ने क्रममा उपदेशी बनिसकेकाहरूका लागि गरिने संस्कार हो । यो संस्कार पनि बालासुन्दरी मन्दिरमा सम्पन्न गरिन्छ । यस संस्कारमा गुरुले शिष्यको चुट्टी काटिदिएर नादजनै धारण गराइदिन्छन् । यसमा बेलुका पात्रदेवताको अगाडि पंखले चाँदीको छडी हातमा लिएर **'आज फलानाले फलानाको नाममा त्याग चुकायो'** भनी हाँक लगाउँछन् । यसपछि शिष्यले गुरुको पूजा र दर्शन-आदेश गरी नाद बजाउँछ । अर्को दिन बिहान शिष्यले मठका साधुसन्तहरूलाई भण्डारा तथा भेटी दिनुपर्दछ । गुरुले शिष्यलाई पहेंलो वस्त्र धारण गराउँछन् । त्याग चुकाएको व्यक्तिले गृहस्थ त्यागेको बुझिन्छ ।

### (ग) शंखढाल संस्कार

उपदेशी बनेको कुनै पनि योगीको मृत्यु भएमा एक वर्षपछि गरिने संस्कारलाई शंखढाल भनिन्छ। यो संस्कार मठमा वा मृतकको घर-गृहमा पनि गर्न सकिन्छ। यसमा मृतकका पुत्र, पत्नी वा पति मुख्य कर्ता हुन्छन्। यस संस्कारमा ६ जना कान चिरेका वा ओघड (त्याग चुकाएका) योगी हुनुपर्दछ। यो संस्कार रात्रिकालमा बालासुन्दरी मन्दिरमा गरिन्छ।

यस संस्कारमा अर्को दिन बिहान साधुसन्तहरूलाई भण्डारा र भेटी दिने प्रचलन छ। यस संस्कारमा विशेष प्रकारको रेखी हाल्ने र त्यसमा पूजा गरिन्छ।

### (घ) दर्शन दिने संस्कार

यसलाई 'चिरा दिने' संस्कार पनि भनिन्छ। यस मठमा योगी हुनु पर्ने सबै प्रकारका आचरण भएको योगीले कान चिरेर दर्शन धारण गर्न चाहेमा कुनै योगी गुरु बनी कान चिरेर दर्शन दिने संस्कार गरिन्छ। दर्शनधारी ब्रह्मचारी योगी मात्र यस मठमा पीर बन्न पाउने परम्परा छ।

## २. विशेष यात्रा अनुष्ठान

गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठबाट वार्षिक रूपमा शिखर सवारीकोट र देवीपाटन यात्रा गर्ने प्राचीन परम्परा छ। 'सवारीकोट' गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठ चौघेरा दाङदेखि नजिकै उत्तरको पहाडमा अवस्थित छ भने देवीपाटन हाल भारतको उत्तर प्रदेशको बलरामपुर जिल्ला अन्तर्गत तुलसीपुरमा रहेको छ। यी दुवै स्थलसँग यस मठको ऐतिहासिक सम्बन्ध रहेको पाइन्छ। यहाँ यी दुवै स्थलहरूमा हुने यात्राका विषयमा जानकारी दिइएको छ।

### २.१ शिखर सवारीकोट यात्रा

सवारीकोट हाल घोराही उपमहानगरपालिका वडा नं. ४ दाङको पहाडी टाकुरोमा अवस्थित छ। दाङको सदरमुकाम घोराहीदेखि सवारीकोट पुग्न करीब १३ किलोमिटर उत्तर-पूर्वको यात्रा गर्नु पर्दछ। यस स्थानमा सवारीकोट, जसपुर, गोडधारा, रानीदमार, छेकवार, रानीपौवा जस्ता बस्तीहरू छन्। यस स्थलको उचाइ समुद्र सतहबाट ११४० देखि १३७७ मिटरसम्म रहेको छ (आचार्य, २०७३:६१)।

'सवारीकोट' दाङको राजनीतिक इतिहासमा महत्वपूर्ण मानिने स्थल हो। एउटा ऐतिहासिक लेखमा दाङ-देउखुरीको करकंटाला बारेको स्थिति पत्र तयार पार्न सिद्धभगवन्तनाथ बाह्रपन्थ र दाङका राजा नवलसिंह सवारीकोट श्रीनाथ दलिचामा बसेको उल्लेख पाइएको छ (योगी, २०२२:४६०)। रत्नपुर चौघेरा राजा रत्नपरीक्षकको हिउँदे राजधानी रहेको र सवारीकोट बर्खे राजधानी रहेको बुझिन्छ। औलोका कारण बर्खायाममा कोट लाग्ने र हिउँदमा दाङ झर्ने चलन जनसामान्यमा समेत रहेको थियो। अहिले पनि सवारीकोटमा गोरखनाथ मन्दिर र पाटेश्वरी मन्दिर छन् भने सवारीकोटदेखि पूर्वको जसपुरकोटमा दरबारका जग र अन्य भौतिक संरचनाका अवशेषहरू देख्न सकिन्छ। यसै पृष्ठभूमिमा गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठका पीर, पुजारी आदि बाह्रपन्थी साधुसन्त तथा अन्य सुसारे सहयोगीहरू सवारीकोट यात्रा गर्ने चलन चलेको हो।

सवारीकोट यात्रा आषाढको हरिशयनी एकादशीको दिनमा चौघेरामा उठ्ती पूजा गरेर आरम्भ हुने र सवारीकोटमा चारमास बसी पाचौँ मास कार्तिकमा उठ्ती पूजा गरेर स्वधाम चौघेरामा फिर्ता सवारी हुने प्रचलन थियो। स्वधाम आइपुगेपछि बस्तीपूजा गर्ने चलन छ। वि.सं. २०२१ सालदेखि सवारीकोट यात्रा टुटेको छ, तर, अहिले पनि रत्नपुर चौघेरामा हरिशयनी एकाशीका दिनमा सवारीकोट तर्फ दिशा पारेर उठ्ती पूजा गर्ने र कार्तिकमा शिखर सवारीकोट यात्रा सम्पन्न गरी स्वधाम चौघेरा आइपुगेको पुण्य स्मरणमा बस्तीपूजा गर्ने प्रचलन छ।

## २.२ देवीपाटन यात्रा



'गोरक्षपात्रदेवता सिद्धरत्ननाथ देवीपाटन यात्रा' ऐतिहासिक, सांस्कृतिक र धार्मिक महत्व बोकेको प्रचलन हो। यस यात्रासँग यस क्षेत्रको राजनीतिक इतिहासको कुनै कालखण्ड समेत जोडिएको छ भन्ने देखिन्छ। यो सिद्धरत्ननाथको समयदेखि शुरु भई अविच्छिन्न आजसम्म परम्परित र प्रसिद्ध धार्मिक अनुष्ठान हो। यहाँ 'गोरक्षपात्रदेवता सिद्धरत्ननाथ देवीपाटन यात्रा' को ऐतिहासिक पृष्ठभूमि र अद्यापि सञ्चालित यात्रा विवरण दिइएको छ।

## २.२.१ देवीपाटन यात्राको ऐतिहासिक पृष्ठभूमि



देवीपाटन हाल भारतको उत्तर प्रदेशको बलरामपुर जिल्ला अन्तर्गत तुलसीपुर बजारको समीपमा अवस्थित छ। यस स्थलमा पाटेश्वरी देवीको मन्दिर रहेको छ। यसलाई पाटेश्वरी वा पाताल भुवनेश्वरी पनि भन्छन्। यो शक्तिपीठ उत्पत्तिको प्रसङ्ग खोज्दा सत्ययुगमा दक्षप्रजापतिले आफ्नो यज्ञमा आफ्नै जुवाइँ भगवान् शङ्करलाई आमन्त्रण नगरी अपमान गरेको र आफ्नो पतिको यो अपमान सहन नसकी दक्ष पुत्री सतीदेवीले यज्ञकुण्डमा प्रवेश गरी प्राण त्याग गरेको घटनासम्म पुगिन्छ (म. शंकरनाथ, २०१०:७-११)। त्यसपछि भगवान् शंकरले सतीदेवीको मृत देह लिएर पृथ्वी विचरण गर्न थाल्नु भयो। श्रीविष्णुलाई श्रीशंकरको यो अवस्था उचित नलागेर आफ्नो मायाले झिँगाहरू उत्पत्ति गरी झिँगाका कारण सतीदेवीको देह गलेर खण्डित भई पतन हुँदै जान थाल्यो। सतीदेवीका अङ्ग पतन भएका ६४ स्थानहरूमा पवित्र देवीपीठ स्थापना भए। देवीपाटन स्थित भुवनेश्वरी मन्दिर यिनै मध्येको एउटा प्रसिद्ध शक्तिपीठ हो। यस पुण्य धाममा पट 'वस्त्र' को साथ जगदम्बा सतीदेवीको बाम स्कन्ध (काँध वा कुम) पतन भएको हुँदा यस पीठको नाम पाटेश्वरी हुन पुगेको देखिन्छ (पूर्ववत्)।

सिद्धरत्ननाथ राजा माणिक्य परीक्षकका (मानिक पारखु) पुत्र थिए। पितापछि रत्नपरीक्षक (रतनपारखु) राजा भएको कुरा इतिहासमा पाइन्छ। योगी नरहरिनाथले दाङको थारू राज्यको वंशावलीमा मानिकपारखु, रतन पारखु, दङ्गीशरण आदिलाई पहिलो, दोस्रो, तेस्रो पुस्ताका क्रममा राखेको पाइन्छ (२०१६:१)। पाटेश्वरी पीठको इतिहास धेरै नै पुरानो छ। राजा रत्नपरीक्षक आफ्नो राज्यकाल देखि नै देवीपाटन स्थित पाटेश्वरी मन्दिरमा देवीको दर्शन गर्न जाने परम्परा रहेको विषय स्पष्ट छ। पाटेश्वरीका महन्त शंकरनाथले (२०१०:९) 'चैत्र नवरात्रका अवसरमा गोरक्षनाथ

साम्राज्य नेपालबाट प्रत्येक वर्ष चैत्र शुक्ल पञ्चमीको दिन चौघडा (चौघेरा) श्रीरत्ननाथजीले भगवान् गोरक्षनाथलाई लिएर आउने तथा एकादशीको रात्रिमा पुनः चौघेरा लिएर जाने' र योगी नरहरिनाथको (२०१३:१०-११) 'गोरक्षशिष्य महासिद्ध रत्ननाथ नेपाल मण्डलनेर दाङ र देवीपाटन दुई ठाउँमा आसन जमाएर समाधि निश्चल स्थाणु भए बसे' भन्ने प्रसङ्गहरूले त्यस बेला देवीपाटन पनि सिद्धरत्ननाथकै राज्यभित्र रहेछ भन्ने देखाउँछ। यस विषयमा इतिहासमा अनेक मत पाइन्छ।

जनश्रुति अनुसार सिद्धरत्ननाथले आफ्नो योगशक्तिले दाङको चौघेरा र देवीपाटन मन्दिरमा दैनिक पाटेश्वरीको पूजा गर्दथे। पछि सिद्धरत्ननाथलाई देवीले स्वप्नमा आफ्नो मन्दिर स्वधाममा नै स्थापना गरी पूजा गरे हुने भन्ने आदेश गरे पश्चात प्रत्येक वर्ष चैत्र शुक्ल नवरात्रमा मात्रै सिद्धरत्ननाथ पाटेश्वरी दर्शनको लागि देवीपाटन जाने परम्परा आरम्भ भएको मानिन्छ। गोरक्षपात्रदेवता सिद्धरत्ननाथको इतिहासको सन्दर्भ योगी नरहरिनाथको 'सिद्धरत्ननाथ' (२०१३) पुस्तकको 'सिद्धरत्ननाथ शिष्य परम्परा' शीर्षकमा उल्लेख भएको श्लोकले सङ्केत गर्दछ।

*नाथाकाशवसावब्दे ८०९ वैक्रमे मरुमण्डले।*

*शिवगोरक्षशिष्यः श्रीरत्ननाथोष्टसिद्धिभाक् ॥*

कसैले यो पूजा पन्ध्रौं शताब्दिदेखि शुरु भएको देखाए पनि प्रस्तुत श्लोकले गोरखनाथका शिष्य श्रीरत्ननाथले वि.सं. ८०९ मा सिद्धि प्राप्त गरेको देखिन्छ। यसबाट गोरक्षपात्रदेवता सिद्धरत्ननाथ मठ र देवीपाटन यात्राको इतिहास आजभन्दा १३०० वर्षभन्दा पनि अगाडिको भएको देखिन्छ। सिद्धरत्ननाथले आफ्नो इष्टदेवीको रूपमा देवीपाटन स्थित पाटेश्वरी देवीको दर्शन एवं आराधना गर्ने परम्परालाई पछि यस क्षेत्रका जुम्ला, प्युठान, रुकुम, गजुल, सल्यान र दाङ राज्यका राजा एवं राज्यहरूले अगाडि बढाएको पाइन्छ (गौतम २०५०:५०-५१)। पछि यी राज्यहरूमा पनि पाटेश्वरी मन्दिर निमार्ण गरेर पूजा सञ्चालन भएको पाइन्छ।

### २.२.२ देवीपाटन यात्रा विवरण

**'गोरक्षपात्रदेवता सिद्धरत्ननाथ देवीपाटन यात्रा'** होली पूर्णिमाको भोलिपल्ट प्रतिपदादेखि शुरु भएर एक मासपछि स्वधाम चौघेरा आई समापन हुन्छ। यस यात्रामा मठका पीर, पुजारी, भण्डारी, सिराने आदि मान्धारी, पाँचजना धुनी योगी (पूजा सहयोगी), महन्त, कोठारी, भान्से, पंख, मठका अभ्यागत, अन्य मठमा साधु-

सन्तहरू, सुसारे-सेवक, नगार्ची र भक्तजनहरू सहभागी हुन्छन् । यात्रामा अगवानी (नगारा), सहनाई, बाँसुरी र नागफणी बाजाका वादकहरू पनि रहन्छन् ।

यात्रामा सबैभन्दा अगाडि अगुवानी (नगारा), त्यसपछि गंगाजल बोकेको व्यक्ति, यसका पछि निशान (त्रिशूल) बोकेको व्यक्ति, यसका पछि धुनी बोकेको (अग्नि) धुनी योगीमध्येको एकजना रहन्छ ।

धुनी योगीको पछि चाँदीको छडी बोकेका पंख, त्यसपछि भैरव र झोलीमा टिकुडी (गोला रोटी) बोकेका भैरवका सहयक पुजारी (सिराने) रहन्छन् । सिरानेको पछि भैरवको मूलपुजारीले

(भण्डारी) शिरमा एक पाथी पिठोको एउटा रोट बोकेको व्यक्ति र मसाल बोक्ने व्यक्ति

(निवर्तमान पीर) रहन्छन् । यसपछि पात्रदेवता बोकेका पीर, पीरका साथमा झुल छाता ओढाउने व्यक्ति, त्यसपछि मूलपुजारी र सबैभन्दा पछि साधु सन्त, सेवक तथा भक्तजनहरू रहन्छन् ।

यात्राका मुख्य सहभागीहरूका लागि निश्चित पोसाकको व्यवस्था छ । यसमा पीरले शिरमा सेली (चुच्चे टोपी), मेखली लगाउँछन् र चद्दर ओढ्नु पर्दछ । त्यसैगरी भण्डारीले चौबन्दी भोटो लगाउँछन् र चद्दर ओढ्छन् । यिनको एकातिर पिठ्युमा कालो रङ्गको चमर हुन्छ र शिरमा फेटा तथा फेटामाथि बिँडा राखिएको हुन्छ । पुजारी र सिरानेले भोटो पहिरन्छन् । पुजारीले चद्दर ओढेका हुन्छन् ।

## देवीपाटन यात्रा समय सारिणी

यो यात्रा चैत्र प्रतिपदाको रात्रिमा आरम्भ हुन्छ । यसभन्दा अघि यात्राको सफलताको लागि काल भैरवको पुकारा पूजा हुन्छ । यसपछि सिद्धरत्ननाथ मठ परिसर वाहिर रहेको सानो रत्ननाथ मन्दिरमा पूजा गरिन्छ । यसपछि यात्रा अगाडि बढ्छ र चौघेरादेखि करीब पाँच किलोमिटर दक्षिणमा रहेको बर्गदुवा पुगेर बरको वृक्षनेर पचुर्खातर्फ दिशा पारी सिरानेले रोट चढाएर स्मरण गर्दछन् । त्यसपछि यात्रुको समूहले चौघेरादेखि करीव दश किलोमिटर दक्षिणमा रहेको चौपट्टामा विश्राम लिन्छ ।

यस स्थलमा मृत्युञ्जय गोरखनाथ मन्दिर छ । यहाँ सङ्क्षिप्त पूजा गरिन्छ । चौपट्टादेखि दक्षिण-पूर्व लेकमा सिद्धपिपलनाथको तपस्था स्थल छ । त्यसैले चौपट्टादेखि केहि दक्षिणबाट यसै पुण्यधामको दिशा पारेर प्रसाद र अक्षता चढाइन्छ ।

यात्राको क्रममा स्वधाम चौघेरादेखि करीब पन्ध्र किलोमिटर दक्षिणमा रहेको अर्जुनखोला पुगिन्छ। त्यहाँ पुग्दा उज्यालो भएको हुँदा मसाल निभाइन्छ। नित्य कर्मपछि पीर-पुजारी सबैले नादपूजा गरी स्तुति गरेर यात्रा अगाडि बढ्छ। यसपछि, लमहीदेखि दक्षिणमा अवस्थित देउपुर (देवपुर) धाममा पुगिन्छ।

यस स्थलमा पनि सिद्धरत्ननाथबाट निर्माण गरिएका भैरवको थान, दलिचा आदि संरचनाहरू रहेका छन्। देउपुरमा नियमित पूजा-अर्चना गर्दै पन्ध्र दिन विश्राम गर्ने चलन छ।

तर, यस अवधिमा त्यस मौजाका किसानहरूबाट मठले आफ्नो जमीन प्रयोग गर्न दिए वापतको कर-कंटाला उठाउने कार्य हुन्छ। हाल पाँच दिन मात्र विश्राम गर्ने गरिएको छ।

पन्ध्रौं दिनको रात्रिकालमा यात्रा अगाडि बढ्छ। सिद्धरत्ननाथ देवीपाटन यात्राको यात्रु समूह देवपुरदेखि यात्रा गर्दै जबुनीबास पुग्छ। त्यस स्थलमा पात्रदेवता विराजमान गराउने प्रयोजनका लागि अस्थायी किसिमको घर बनाइएको हुन्छ। त्यहाँ पुगेर पात्रदेवतालाई सोही घरभित्र विराजमान गराइन्छ र त्यहीँ बिहानको भोजन गरी विश्राम गरिन्छ। पात्रदेवताको नित्य पूजा गरी रात्रिकालमा कोइलाबासलाई लक्ष्य गरी पुनः यात्रा आरम्भ हुन्छ। सामान्यतया बिहानको आठ बजेसम्म कोइलाबास पुगिन्छ। कोइलाबास स्थित कालिका मन्दिर परिसरमा बस्ती पूजा गरी त्यहाँ रहेको भवनमा पात्रदेवतालाई विराजमान गराई भोजन-भण्डारा गरिन्छ। यस स्थलमा पनि त्यस दिन गर्नु पर्ने नित्य पूजाकर्म हुन्छ। रात्रिकालमा जनकपुर (भारत) लक्ष्य गरी यात्रा आरम्भ हुन्छ।

कोइलाबास र जरुवा (भारत) बीचको जङ्गल क्षेत्रमा पर्ने वनखण्डी देवीको थानमा अक्षता चढाएर यात्रा अगाडि बढ्छ र बालापुर (भारत) स्थित कालिका देवी मन्दिरमा पुजारी र सिरानेद्वारा पूजा गरिन्छ। बालापुरमा उपस्थित भक्तजनहरूले पात्रदेवताको दर्शन गर्ने र देवतामा प्रसाद, वस्त्र, भेटी अर्पण गर्ने चलन छ। कुनै कुनै वर्ष बालापुरवासीको अनुरोधमा एक दिन त्यहीँ विश्राम गर्ने गरिएको थियो।

सामान्यतया तृतीयाको दिनमा देवीपाटन मन्दिरको कोठारका रूपमा रहेको जनकपुर कोठारमा (भारत) पुग्ने विधान छ। हाल यस स्थलमा श्रीसिद्धरत्ननाथको ठूलो प्रतिमा स्थापना गरिएको छ। यस स्थलमा पुगेपछि पात्र देवतालाई निर्धारित

कोठामा विराजमान गराइन्छ । यहाँ गोरक्षपात्रदेवताको नित्य पूजा हुन्छ । यस स्थलमा बेलुका चार बजेतिर पात्रदेवतालाई आम भक्तजनहरूको दर्शनको लागि बाहिर दलिचामा राख्ने चलन छ । यस दिन जनकपुरमा बेलुका चार बजेदेखि छ बजेसम्म मेला लाग्ने चलन छ । जनकपुर पुगेको दोस्रो रात्रि अर्थात् पञ्चमी तिथि आरम्भ भएपछि देवीपाटनका लागि यात्रा आरम्भ गरिन्छ । यस क्रममा जनकपुरबाट करीव आठ किलोमिटर दूरीमा रहेको नक्टीनाला क्षेत्रमा बिहान पाँच बजेतिर पुगिन्छ । नक्टीनालामा साधारण जलपान र छोटो विश्राम गर्ने अवसर हुन्छ । यस स्थलमा प्रतीक्षारत भक्तजनहरूले पात्रदेवताको दर्शन गर्छन् । यस स्थलमा देवीपाटन स्थित पाटेश्वरी देवी मन्दिरबाट गोरक्षपात्रदेवता सिद्धरत्ननाथको स्वागत अभिनन्दनका लागि बाजागाजा र झाँकी सहित लिन आउने प्रचलन छ । जनसागर सम्मिलित झाँकीका साथ पात्रदेवता, संलग्न साधुसन्त सहितको यात्रु समूहलाई तुलसीपुर बजार परिक्रमा गराइन्छ । यस अवसरमा आम भक्तजनहरूले पात्रदेवतामा प्रसाद, भेटी, वस्त्र चढाएर दर्शन गर्छन् । यसपछि पात्रदेवता र संलग्न पीर-पुजारी-महन्त, साधुसन्तहरूलाई ससम्मान पाटेश्वरी मन्दिर परिसरमा प्रवेश गराइन्छ ।

यसपछि गोरक्षपात्रदेवता लिएका पीर, पुजारी महन्त र सिद्धरत्ननाथ मठका साधु-सन्तहरूलाई पाटेश्वरी मन्दिरका महन्त, पुजारी, कोठारी तथा व्यवस्थापकहरूले पुष्पहार पहिऱ्याएर स्वागत गर्दछन् । सिद्धरत्ननाथ मठका पुजारीले पाटेश्वरी मन्दिर परिसरमा रहेको समयमाताको मन्दिरमा रोट प्रसाद चढाएर पूजा गर्छन् । सिद्धरत्ननाथ मठका महन्तको अगुवाइमा पात्रदेवतालाई पाटेश्वरी मन्दिरको मुख्य पूजास्थलमा प्रवेश गराइन्छ । त्यहाँ पुजारी र सिरानेले गर्भ गृहमा पाटेश्वरी देवीको पूजा गर्छन् । पीरजीले पात्रदेवतालाई पाटेश्वरीदेवीको प्रतिमाको अगाडि विश्राम गराउनु पर्दछ । यसपछि पीरजीले पनि पाटेश्वरी देवीको दर्शन गरी पूजा गर्ने परम्परा छ । यसपछि पात्रदेवतालाई पाटेश्वरी मन्दिर परिसरमा रहेको **'सिद्धरत्ननाथ प्राचीन दलिचा'** मा ल्याउने विधान छ । पञ्चमीदेखि सप्तमीसम्म पात्रदेवतालाई पाटेश्वरी देवीको प्रतिमा अगाडि राखेर पूजा हुन्छ भने अष्टमीको दिन बाहिर रत्ननाथको दलिचामा राखेर पूजा हुन्छ । यहाँ पञ्चमीदेखि नवमीसम्म पात्रदेवता रहने प्रचलन छ । यस अवधिमा सिद्धरत्ननाथ मठका पुजारीहरूले नै पहिले पाटेश्वरी देवीको र त्यसपछि गोरक्षपात्रदेवताको नित्य पूजा गर्ने परम्परा छ । यस अवधिमा पाटेश्वरी मन्दिरका पुजारीहरू पूजा सामग्री तयार गरी सहयोग गर्ने भूमिकामा रहन्छन् ।

नवमीको दिन रात्रिको आठ-नौ बजेतिर पाटेश्वरी मन्दिर परिसरमा रहेको सिद्धरत्ननाथ दलिचामा दुवै मन्दिरका भेष बाह्रपन्थहरूको संयुक्त दलिचा बस्छ। यस अवसरमा पाटेश्वरी मन्दिरका महन्तले पीर, महन्त पुजारी लगायत सिद्धरत्ननाथ मठका सबै साधु-सन्तहरूलाई पुष्पहारले स्वागत गर्छन्। त्यसपछि पाटेश्वरीका महन्तबाट सम्बोधन हुन्छ। यसै अवसरमा पाटेश्वरी मन्दिरका महन्तले सिद्धरत्ननाथ मठका मान्धारी र साधु-सन्तहरूलाई दक्षिणा र पीरजी मार्फत यात्रा खर्च उपलब्ध गराउने प्रचलन छ। पहिले पहिले पाटेश्वरी मन्दिरका तर्फबाट संयुक्त दलिचामा सम्बोधन गर्ने क्रममा पाटेश्वरी मन्दिरको वार्षिक आय-व्यय एवं प्रगति विवरण सुनाउने प्रचलन थियो। नवमीको दिनमा चण्डी पाठ सकेर हवनका साथ पूर्णाहूति गरिन्छ।

## २.२.३ गोरक्षपात्रदेवता स्वधाम चौघेरा फिर्ता सवारी

दशमीको दिनमा रात्रिको पूजा सम्पन्न गरी मध्य रात्रितिर यात्रा फिर्ता हुने परम्परा छ। यात्रा फिर्ता हुने क्रममा पाटेश्वरी मन्दिरका महन्त, पुजारी तथा साधु-सन्तुहरू सहितको झाँकीले पात्रदेवताको यात्रा समूहलाई तुलसीपुर बजारको मेला क्षेत्रसम्म बिदाइ गर्न आउने परम्परा छ। यसपछि नजिकको जनकपुर कोठारमा पुगी विश्राम गर्छन् र रात्रिकालमा कोइलाबास लक्ष्य गरी फिर्ता यात्रा अगाडि बढ्छ। एवं क्रमले कोइलाबास पुगी विश्राम गरी रात्रिकालमा पैदल यात्रा गरी गढवाको घोराहामा आई विश्राम गर्ने प्रचलन थियो। पहिले पहिले घोराहाबाट रात्रिकालमा नित्य पूजा गरी देउपुर आएर विश्राम गर्ने र चतुरदशीको दिनमा स्वधाम चौघेरा पुग्ने गरी रात्रिकालमा देउपुरबाट फिर्ती यात्रा अगाडि बढ्ने परम्परा थियो। पहिले गोरक्षपात्रदेवता सिद्धरत्ननाथ देवीपाटन यात्रा रात्रिकालमा पैदल यात्राका रूपमा हुने परम्पराका कारण यसमा एक मासको अवधि व्यतीत हुन्थ्यो। हाल त्यो परम्परामा केही परिवर्तन भई यात्रा तेह्र दिनमा समापन हुने गरेको छ।

## सन्दर्भग्रन्थ सूची


- आचार्य, डा. गोविन्द(२०७३) राप्ती क्षेत्रका पर्यटकीय सम्पदा (सम्पा.), दाङ : राप्ती क्षेत्र स्तरीय पर्यटन प्रवर्द्धन समिति
  कपूर, त्रिलोकनाथ (१९९३ई.) सिद्ध पीर रतननाथ चरितामृत, कानपुर : स्वयं।
- गौतम, टेकनाथ (२०५०) रापती अञ्चलको इतिहास र केही संस्मरणहरू, वाराणसी : अजय प्रिन्टर्स।
- म. शङ्करनाथ (२०१०) श्री पाटेश्वरी शतकम्, देवीपाटन : पाटेश्वरी मठ।
- योगी, नरहरिनाथ (२०१३) सिद्धरत्ननाथः चौघेरा दाङ : श्रीसिद्धरत्ननाथ मठ।
- योगी, नरहरिनाथ (२०१६) दङ्गीशरण कथा, बड्कीमार, दाङ : बदरीनाथ योगी, रूपलाल महतो
- योगी, विजयनाथ र भगीरथ योगी (२०४३) सिद्धरत्ननाथ चरितामृत, चौघेरा दाङ : श्रीरत्ननाथ सिद्धपीठ।